आ.व २०८१/८२

समय- बिहान ८ बजे

बैठक संख्या:१४

स्थान: गाउँकार्यपालिकाको कार्यालय

आज मिति २०८१ चैत्र २२ गते शुक्रबारको दिन यस कुम्मायक गाउँपालिकाका अध्यक्ष श्री वंम प्रसाद लावती ज्यूको अध्यक्षतामा कुम्मायक गाउँकार्यपालिकाको बैठक बसि तपशिलको उपस्थितिमा निम्न बमोजिम निर्णय गरियो।

उपस्थिति:

| क्र सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री वंम प्रसाद लावती | अध्यक्ष | |
| २ | श्री महेन्द्र बहादुर खड्का | उपाध्यक्ष | |
| ३ | श्री देवेन्द्र कुमार लावती | सदस्य | |
| ४ | श्री वालकृष्ण शेर्मा | सदस्य | |
| ५ | श्री बाबुराम कार्की | सदस्य | |
| ६ | श्री फगेन्द्र कुमार सम्बाहाम्फे | सदस्य | |
| ७ | श्री निर्मल राज घिमिरे | सदस्य | |
| ८ | श्री गंगा देवि बोहोरा | सदस्य | गंगा |
| ९ | श्री बेद माया चापागाइ | सदस्य | |
| १० | श्री इन्द्रसरी विश्वकर्मा | सदस्य | |
| ११ | श्री धनमाया तामाङ्ग | सदस्य | धनमाया |
| १२ | श्री डिक बहादुर दर्जी | सदस्य | |
| १३ | श्री लक्ष्मी नेपाली | सदस्य | |
| १४ | श्री जय नारायण खनाल | सदस्य सचिव | |

अन्य उपस्थिति:

| | | | |
|---|---|---|---|
| १५ | श्री सागर बस्नेत | निमित्त प्र.प्र | |
| १६ | मदन कुमार मैनाली | ईलाका प्रहरी कार्यालय | |
| १७ | केश राज आचार्य | विषय शाखा प्रमुख | |
| १८ | रविन्द्र कुमार यादव | सब-इन्जिनियर | |
| १९ | पवन थिङ | प्रशासन सहायक | |
| २० | निर्मल घिमिरे | लेखा अधिकृत | |
| २१ | अपेन्द्र [illegible] लिम्बु | प्राविधिक सहायक | |

मिति २०८१/१२/२२ गते कुम्मायक गाउँपालिका गाउँ कार्यपालिकाको बैठकमा भएको छलफल र निर्णय भएका विषयहरु:

१. बैठकको गणपुरक संख्या सम्बन्धमा

यस गाउँपालिकाको कार्यपालिकामा जम्मा सचिव सहित १४ जना सदस्य रहेकोमा आजको बैठकमा जम्मा १२ जना सदस्यहरुको उपस्थित रहेकोले गणपुरक संख्या पूरा भएको हुँदा अध्यक्षबाट बैठक सुरु भएको जानकारी बैठकमा गराउनु भयो।

२. विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७४ को पहिलो संशोधन सम्बन्धमा

प्रस्ताव नं २ माथि छलफल गर्दा मिति २०७५/११/१८ गते पारित विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७४ को परिच्छेद-४ दफा २२(ग) (अ) मा परिवारका सदस्यहरु मुत्यु भएमा प्रति व्यक्ती रु.२५,०००/- लाई संशोधन गरी परिवारका सदस्यहरु मुत्यु भएमा प्रति व्यक्ती रु.५०,०००/- पारित गर्न विपद् व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन समितिको सिफारिस बमोजिम ऐ ऐनको दफा २२(ग) (अ) संशोधन गर्ने निर्णय गरियो।

३. सुरक्षा सामाग्री खरिद सम्बन्धमा

प्रस्ताव नं ३ माथि छलफल गर्दा आगलागीको जोखिमलाई मध्यनजर गर्दै हुने सक्ने सम्भावित लागलागीजन्य जोखिम तथा विपद्मा उच्च सतर्कता अपनाउन तपसिलको सुरक्षा सामाग्री प्रकोप व्यवस्थापन कोषबाट खर्च हुने गरी खरिद गर्ने निर्णय गरियो।

तपसिल:

| क सं | सामाग्री | परिमाण | कैफियत |
|---|---|---|---|
| १ | Fire Bag | २५ | प्रत्येक वडालाई ५ वटा वितरण गर्ने |
| २ | Light Shovel (बेल्चा) | २५ | प्रत्येक वडालाई ५ वटा वितरण गर्ने |
| ३ | Fire Swatter | २५ | प्रत्येक वडालाई ५ वटा वितरण गर्ने |
| ४ | DC Motor | २ | |
| ५ | त्रिपाल | ६० | विभन्न SIZE को |

४. खाद्य सामाग्री तथा राहत रकम वितरण सम्बन्धमा

प्रस्ताव नं ४ माथि छलफल गर्दा मिति २०८१/१२/२१ गते आगलागीमा भएको क्षतिको विवरण ईलाका प्रहरी कार्यालय, यासोकले स्थलगत अवलोकन गरी विवरण यस कार्यालयमा पेश गरेकोमा तपसिलको विस्थापित व्यक्ती तथा घर परिवारलाई तपसिलको खाद्य सामाग्री तथा विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७४ को दफा २-२ मा उल्लिखित व्यवस्था बमोजिम राहत रकम विस्थापित उपलब्ध गराउने निर्णय गरियो।

खाद्य सामाग्रीको विवरण:

- चामल-५० केजी
- रातो दाल-२ केजी
- खाने तेल-१ लिटर
- आयो नुन-१ केजी
- चिउरा-१ केजी

खाद्य सामाग्री वितरण गरिएको व्यक्तीहरुको विवरण

| क्र सं | नाम थर | ठेगाना |
|---|---|---|
| १ | दिर्घ बहादुर खत्री | कुम्मायक-१ |
| २ | खगेन्द्र कार्की | कुम्मायक-१ |
| ३ | सनक सिं चाम्लिङ | कुम्मायक-१ |
| ४ | याम कुमर चाम्लिङ | कुम्मायक-१ |
| ५ | पहलमान कार्की | कुम्मायक-१ |
| ६ | रितिका बस्नेत | कुम्मायक-३ |
| ७ | भिम माया याक्सो | कुम्मायक-३ |
| ८ | मोहन कार्की | कुम्मायक-३ |
| ९ | डम्बर बहादुर कार्की | कुम्मायक-३ |
| १० | नर बहादुर चौहान | कुम्मायक-५ |

ऐ कार्यविधि बमोजिम वितरण गरिने रकम र विस्थापित व्यक्तीहरु विवरण

| क्र. सं | व्यक्तीको नाम थर | ठेगाना | राहत रकम | कैफियत |
|---|---|---|---|---|
| १ | दिर्घ बहादुर खत्री | कुम्मायक-१ | २००००/- | घरवार विहिन भएको |
| २ | खगेन्द्र कार्की | कुम्मायक-१ | ५००० देखि १०००० सम्म | वडा स्तरीय विपद प्रभावित पहिचान समितिको निर्णय बमोजिम |
| ३ | सनक सिं चाम्लिङ | कुम्मायक-१ | ५००० देखि १०००० सम्म | वडा स्तरीय विपद प्रभावित पहिचान समितिको निर्णय बमोजिम |
| ४ | रितिका बस्नेत | कुम्मायक-३ | ५००० देखि १०००० सम्म | वडा स्तरीय विपद प्रभावित पहिचान समितिको निर्णय बमोजिम |
| ५ | भिम माया याक्सो | कुम्मायक-३ | ५००० देखि १०००० सम्म | वडा स्तरीय विपद प्रभावित पहिचान समितिको निर्णय बमोजिम |
| ६ | डम्बर बहादुर कार्की | कुम्मायक-३ | २००००/- | घरवार विहिन भएको |
| ७ | मोहन कार्की | कुम्मायक-३ | ५००० देखि १०००० सम्म | वडा स्तरीय विपद प्रभावित पहिचान समितिको निर्णय बमोजिम |
| ८ | नर बहादुर चौहान | कुम्मायक-५ | २००००/- | घरवार विहिन भएको |

५. खानेपानी पाइप सम्बन्धमा

प्रस्ताव नं ५ माथि छलफल गर्दा मिति २०८१/१२/२१ गते आगलागीको कारण कुम्मायक गाउँपालिकाको विभिन्न स्थानमा रहेको खानेपानीको पाइप लाइन जलेर नष्ट भएको हुर्दा तपसिल परिमाणको खानेपानी पाइप प्रकोप व्यवस्थापन कोषबाट खर्च हुने गरी खरिद गरेर पाइप पुन जडान गर्ने निर्णय गरियो।

तपसिलः

| क सं | वडा नं | पाइप (mm) | परिमाण (meter) |
|---|---|---|---|
| १ | १ नं वडा | 40 | 300 |
| | | 20 | 600 |
| २ | २ नं वडा | 90 | 200 |
| | | 75 | 150 |
| | | 63 | 150 |
| | | 50 | 200 |
| ३ | ३ नं वडा | 20 | 2400 |
| ४ | ४ नं वडा | 32 | 300 |
| ५ | ५ नं वडा | 20 | 300 |

६. राहत रकम वितरण सम्बन्धमा

प्रस्ताव नं ६ माथि छलफल गर्दा मिति २०८१/१२/२१ गते आगलागीको कारण कुम्मायक ३ निवासी प्रतिमा सम्वाहाम्फे उपचारको क्रममा मृत्यु भएको हुर्दा विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७४ को परिच्छेद-४ दफा २२(ग) (अ) बमोजिम वडा कार्यालयको सिफारिस अनुसार रु.५००००/-(अक्षरुपी पचास हजार मात्र) साथै ऐ कार्यविधिको को परिच्छेद-४ दफा २२(ग) (इ) बमोजिम घाइते सिवाना लिम्बु,सपना सम्वाहाम्फे र निर माया लिम्बुनीलाई जनही रु१५०००/-(पन्ध्र हजार मात्र) गरी जम्मा रकम रु९५०००/-(पन्चानब्बे हजार मात्र ) रकम प्रकोप व्यवस्थापन कोषबाट खर्च हुने गरी मृतक तथा घाइतेहरुको परिवार सदस्य कमल विक्रम सम्वाहाम्फेलाई राहत रकम दिने निर्णय गरियो।

७. हार्दिक श्रद्धाञ्जली तथा शोक संवेदना प्रकट सम्बन्धमा

मिति २०८१/१२/२१ गते आगलागीको कारण कुम्मायक ३ निवासी प्रतिमा सम्वाहाम्फे उपचारको क्रममा मृत्यु भएको हुर्दा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै मृतक प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारमा धैर्य धारण गर्न शक्ति प्राप्त होस् भन्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।